# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी
१ नं. प्रदेश, नेपाल

## शिलबन्दी बोलपत्र आह्वानको सुचना

### दोश्रो पटक प्रकाशित सुचना मिति : २०७५/०४/१८

यस दुहबी नगरपालिका अर्न्तगत तपसिल बमोजिम आ.व. २०७५/०७६ को लागि मिति २०७६ असाढ मसान्त सम्म वर्ष १(एक) को लागि शिलबन्दी बोलपत्र द्धारा आन्तरीक आय संकलनको ठेक्का बन्दोबस्त गर्नु पर्ने भएको हुँदा इच्छुक योग्य फर्महरुले तपसिलका शर्तहरुका अधिनमा रही दुहबी नगरपालिका कार्यालयमा तोकिएको समय भित्र गोप्य शिलबन्दी वोलपत्र दाखिला गर्नु हुन दोश्रो पटक यो सुचना प्रकाशित गरीएको छ।

तपसिल

| ठे.नं. | ठेक्का शिर्षक | न्युनतम ठेक्का अंक मु.अ.कर वाहेक वार्षिक रु. | उत्खनन गर्न पाउने अधिकतम परिमाण (वार्षिक) | विकी दर प्रति क्यु.फिट रु. | | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|---|
| | | | | बालुवा | भरौट | |
| रा.आ.ठे.नं. २२ | दुहवी न.पा.क्षेत्राधिकार भित्र पर्ने वुढि खोला क्षेत्र( IEE मा उल्लेखित क्षेत्रहरू)वाट उत्खनन हुने नदिजन्य पदार्थ विकी | ४३,६४,३०३।६२।– | ५४,९२५।४ घनमिटर (१९३९६९०।५० घनफिट) | २.५०।– | १.२५।– | ३,०००।– |

**शर्तहरु.....**

१.कर असुली सम्वन्धि दररेटहरुको विवरण तथा कर संकलन सम्वन्धि थप शर्तहरु बोलपत्र फाराम साथ उपलव्ध गराइनेछ।

२.बोलपत्र दाताले शिलवन्दि खामको बाहिर पट्टी नाम प्रस्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ।

३.शिलवन्दि बोलपत्र फाराम साथ नागरिकता प्रमाण पत्रको प्रतिलिपी,फर्म इजाजत पत्रको प्रतिलिपी,आन्तरिक राजश्व कार्यालयवाट प्राप्त पान प्रमाणपत्रको प्रतिलिपी,मु.अ.कर दर्ताको प्रतिलिपी,आ.व.२०७३।७४ को आयकर चुक्ता प्रमाण पत्र समेत बोलपत्र फाराम खरिद समयमा नै पेश गर्नु पर्नेछ।धरौटी वापत कवोल अंकको नेपाली नागरिक भए ५(पाँच) प्रतिशत र विदेशी नागरिक भए १०(दस) प्रतिशत रकम यस कार्यालयको नाममा एन.आइ.सि.एसिया दुहवी शाखामा रहेको धरौटी खाता नं.(A8CA499378524003) मा नगद दाखिला गरेको सक्कल भौचर वा वोलपत्र दाखिला गर्ने अन्तिम मितिवाट कम्तिमा ९० दिन सम्म म्याद भएको बैंक जमानतको सक्कल प्रति संलग्न गर्नु पर्नेछ।

४.सुचना प्रकाशित भएको १५ औ दिन २०७५।०५।०१ गते कार्यालय समयसम्म बोलपत्र खरिद गरी १६ औ दिन २०७५।०५।०२ गते १२ बजे भित्र यस कार्यालयमा शिलवन्दी वोलपत्र दर्ता गराउनु पर्नेछ र सोहि दिनको २ बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ।बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ। सार्वजनिक विदा परेमा सोको भोलिपल्ट हुनेछ।

५.यो वोलपत्र फाराम वमोजिम पर्न आएको कुनै वा सवै बोलपत्र फाराम कुनै कारण जनाई वा नजनाई स्वीकृत वा अस्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

६.कवोल गरेको अंकलाई बराबर ३(तिन) किस्ता कायम गरिनेछ।पहिलो किस्ता सम्झौता गर्दा नै अनिवार्य रुपमा बुझाउनुपर्नेछ।त्यस पछिका किस्ताहरु कमश अघिल्लो किस्ताको महिनाको मसान्त भित्र बुझाउनु पर्नेछ।

७.स्वीकृत वोलपत्रदाताले आफुले बुझाउनुपर्ने रकमका लागि पहिलो किस्ता नगदै बुझाई,दोश्रो तेश्रो किस्ताको रकम वाँकी राखेमा सो रकम वरावरको २०७६ आषाढ मसान्त सम्म कायम रहने नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त बैंकको जमानत सम्झौता गर्दाको वखतमा नै पेश गर्नु पर्नेछ।

८.बोलपत्र स्वीकृत भई सोको जानकारी प्राप्त भएको ७(सात) दिन भित्र सम्झौता गरी सक्नुपर्नेछ।उक्त अवधि भित्र सम्झौता गर्न नआएमा नियमानुसार हुनेछ।

०९.ठेक्का कवोल गर्ने ठेकेदारले नगरपालिकाले तोकिदिएको कर उठाउदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नै तर्फवाट छपाइ गरी सो रसिदहरु यस कार्यालयवाट कार्यालय प्रमुख वा तोकिएको कर्मचारीवाट अनिवार्य प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ। प्रमाणित वाहेकका रसिदहरु कर उठाइएको पाइएमा नियमानुसार कारवाहि हुनेछ।

१०.कुनै शर्त सहितको बोलपत्र स्वीकार्य हुने छैन।

११.प्रचलित कानुन विपरित हुने कुनै काम गरेमा जुनसुकै बखत पनि ठेक्का तोडि अन्य व्यवस्था गरिनेछ।यसरी ठेक्का तोडी अन्य व्यवस्था गर्दा पर्ने थप व्ययभार वा क्षती ठेकेदार स्वयंले व्यहोर्नु पर्नेछ।

१२.तोकिएको स्थान बाहेक अन्य स्थानवाट कर दस्तुर उठाउन पाइने छैन।

१३.कर संकलन कार्य गर्दा कुनै व्यवधान वा समस्या परेमा दुई पक्ष वीच आपसी छलफल गरी समाधान गरिनेछ। त्यस्तो छलफलबाट सहमति हुन नसकेमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ।

१४.बन्द हडताल तथा अन्य कुनै कारणवाट कर छुट मिनाहा दिइने छैन।

१५.एक फर्मको नाममा खरिद गरेको बोलपत्र फाराम अर्को फर्मको नामवाट दाखिला गर्न पाइने छैन।

१६.नदिजन्य पदार्थ उत्खनन गर्दा प्रचलित कानुन विपरित नहुने गरी तथा खोलाको वहावलाई प्रतिकुल असर नगर्ने गरी उत्खनन गर्नुपर्नेछ।

१७.यो ठेक्काको सम्झौता अवधि २०७६ जेठ मसान्त सम्म मात्र कर संकलन गर्न पाउने गरी समयावधि कायम गरिएको छ।

१८.यस सूचनामा उल्लेख नभएका कुराको हकमा प्रचलित कानुन वमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

खेमराज ओझा
प्रमुख प्रशासकीय अधिकृत